पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

२०७३

कोशी प्रदेश, नेपाल

पाख्रीबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाख्रीबास, धनकुटा कोशी प्रदेश नेपाल २०७३

प.स. २०८२/०८३

च.न. १८०३

मितिः २०८२/१२/१०

विषयः शैक्षिक गुठीको विधान स्वीकृत भएको सम्बन्धमा।

श्री शीतलादेवी अंग्रेजी माध्यमिक विद्यालय,
पाख्रीबास-३, धनकुटा।

उपर्युक्त सम्बन्धमा पाख्रीबास नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/१०/२५ गतेको बैठकबाट तहाँ विद्यालयले पेस गरेको शैक्षिक गुठीको संशोधित विधान [***श्री शीतलादेवी अंग्रेजी माध्यमिक विद्यालय,पाख्रीबास-३, सार्वजनिक शैक्षिक गुठीको विधान, २०६१ (पहिलो संशोधन, २०८२)***] स्वीकृत भएको व्यहोरा अनुरोध छ।

२०८२/१२/१०

..............................

सुनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# श्री शीतलादेवी अंग्रेजी माध्यमिक विद्यालय
## पाखीबास-३,धनकुटा ।
### सार्वजनिक शैक्षिक गुठीको विधान,२०६१ (पहिलो संशोधन २०८२)

पाखीबास नगरपालिका
दर्ता नं : ४०१५
दर्ता मिति २०८२/१२/१०

## प्रस्तावना

## परिच्छेद-१

नगर प्रमुख

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस शैक्षिक गुठीलाई श्री शीतलादेवी अंग्रेजी माध्यमिक विद्यालय,पाखीबास-३ ( धनकुटा) को सार्वजनिक शैक्षिक गुठी भनिनेछ ।

ख) यो विधान सम्बन्धित निकायबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थमा नलागेमा, यस विधानमा :

क) **"शैक्षिक गुठी"** भन्नाले श्री शीतलादेवी अंग्रेजी मा.वि.,पाखीबास-३, (धनकुटा) को नामले सम्बन्धित निकायमा दर्ता भएको संस्था भन्ने बुझ्नुपर्दछ ।

ख) **"विधान"** भन्नाले श्री शीतलादेवी अंग्रेजी माध्यमिक विद्यालयलाई शैक्षिक गुठीमा दर्ता गर्न शिक्षा नियमावलीमा व्यवस्था भएको ढाँचामा तयार गरी सम्बन्धित निकायमा पेश गरेको विधान सम्झनुपर्दछ ।

ग) **"ऐन"** भन्नाले शिक्षा ऐन २०२८ सम्झनुपर्दछ ।

घ) **"नियमावली"** भन्नाले शिक्षा नियमावली २०५९ लाई सम्झनुपर्दछ ।

ङ) १. **"विनियम"** भन्नाले शिक्षा ऐन तथा नियमावलीको विपरीत नहुने गरी यस शैक्षिक गुठीको संचालनार्थ गुठियार तथा संचालकले यस विधान भित्रको छुट्टै व्यवस्था गर्न सक्ने नियमहरु वा दस्तावेजहरु सम्झनुपर्दछ ।

२. **"नियम"** भन्नाले विद्यालय सञ्चालकले यस विधानको विनियममा उल्लेख गरेका बुँदाहरुलाई सम्झनुपर्दछ ।

च) **"संचालक"** भन्नाले यस सार्वजनिक शैक्षिक गुठीको संस्थापक र गुठियारहरुले गुठी संचालनार्थ विधानको विनियममा उल्लेख भए बमोजिम चुनिएका व्यक्तिहरु वा पदाधिकारीहरु भन्ने बुझ्नुपर्दछ ।

छ) **"गुठियार"** भन्नाले विनियममा उल्लेख भए बमोजिम यस शैक्षिक गुठीको संचालनार्थ आर्थिक ऋण सहयोग गर्ने व्यक्तिहरु समेतलाई बुझ्नुपर्दछ ।

ज) **"विद्यालय"** भन्नाले सार्वजनिक शैक्षिक गुठीको रुपमा सम्बन्धित निकायमा दर्ता भएको श्री शीतलादेवी अंग्रेजी माध्यमिक विद्यालय,पाखीबास-३ (धनकुटा) लाई बुझ्नुपर्दछ ।

झ) **"विद्यार्थी"** भन्नाले यस विद्यालयमा अध्ययनका लागि भर्ना भएका छात्र र छात्रालाई बुझ्नुपर्दछ।

ञ) **"शुल्क"** भन्नाले शिक्षा नियमावलीको नियम-१४६ बमोजिम विद्यार्थीहरुबाट लिने शुल्क बुझ्नुपर्दछ ।

ट) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्दछ ।

ठ) **"प्रधानाध्यापक"** भन्नाले शिक्षा नियमावलीको नियम-९३ बमोजिम नियुक्ति भएको शिक्षक सम्झनुपर्दछ ।

**३. विद्यालयको नाम र ठेगाना :**

श्री शीतलादेवी अंग्रेजी माध्यमिक विद्यालय
पाखीबास-३, धनकुटा ।
(Shree Sheetala Devi English Secondary School)
Pakhribas–3, Dhankuta

पाखीबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाखीबास, धनकुटा कोशी प्रदेश, नेपाल २०७३

नगर प्रमुख

**परिच्छेद-२**

**४. संस्थाका उद्देश्यहरु :**

क) स्थानीय तहमा पिछडिएका जनजाति तथा दलित वर्गलाई सर्वसुलभ ढङ्गबाट स्तरीय शिक्षाको अवसर प्रदान गर्ने ।

ख) सर्वसुलभ तरिकाले इच्छुक सबैलाई स्तरीय शिक्षाको अवसर प्रदान गर्न आवश्यक कदम चाल्ने ।

ग) गरीब, असहाय तथा जेहेनदार बालबालिकाहरुलाई विशेष प्राथमिकता तथा सहुलियतका साथ शिक्षाको अवसर दिने ।

घ) आफ्नो तहका सबैसँग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान् नागरिक तयार पार्ने ।

ङ) स्थानीय तहमा शिक्षाको महत्त्व फैलाउने ।

च) शिक्षासँग सम्बन्धित कार्यशाला,गोष्ठी,तालिम तथा प्रतियोगितात्मक अतिरिक्त कृयाकलापहरु समेत आयोजना तथा संचालन गर्ने ।

छ) नेपाल सरकार र वैदेशिक सहयोग अन्तर्गतको सरकारी तथा गैरसरकारी



Scanned with CamScanner

संघसंस्था तथा निकायसँग साझेदारी गरी शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम र छात्रवृत्तिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**५. सेवा पुर्याउन चाहेको लक्षित समूह :**

क) स्थानीय बासिन्दा गरीब, असहाय, जनजाति तथा दलित वर्गका बालबालिकाहरु ।
ख) पाखीबास नगरपालिका क्षेत्र परिसरका बालबालिकाहरु ।
ग) स्थानीय तवरका इच्छुक अभिभावकका बालबालिकाहरु ।
घ) स्थानीय स्थानमा रही शिक्षाबाट विमुख रहेका बालबालिकाहरु जसलाई स्थानीय तहको सिफारिसबाट आएका बालबालिकाहरु (विद्यालयले तोकेको निश्चित कोटामा)

**६. विद्यालय रहने स्थान :**

धनकुटा जिल्ला पाखीबास नगरपालिका वडा नं. ३ मा अवस्थित १० रोपनी जग्गा भाडामा लिएको विद्यालय भवन हाताभित्र

**७. विद्यालयको छाप :**

नगर प्रमुख

**८. शैक्षिक गुठीको संस्थापक तथा संस्थापकहरुको नाम,ठेगाना :**

क) श्री ज्ञान बहादुर गुरुङ
पाखीबास-४, धनकुटा ।

ख) श्री गंगा कुमारी गुरुङ
पाखीबास-४, धनकुटा ।
ग) श्री गणेश बाहादुर पौडेल
पाखीबास-३, धनकुटा ।
घ) श्री चन कुमार पौडेल
पाखीबास-३, धनकुटा ।
ङ) श्री समन श्रेष्ठ
पाखीबास-३, धनकुटा ।
च) श्री ज्योती कला राई
पाखीबास-३, धनकुटा ।

नगर प्रमुख

**९. शैक्षिक गुठीका गुठियार तथा गुठियारको प्रमुख भई काम गर्ने व्यक्तिहरुको नाम, नियुक्ति प्रकिया र कार्यकाल :**

शिक्षा ऐन नियमावलीको विपरीत नहुने गरी सञ्चालक समितिले विनियममा उल्लेख गरी तोकिएका व्यक्तिहरु तोकिएको अवधिभर रहनेछन् ।

**१० .गुठियारहरुको काम, कर्तव्य र अधिकार तथा निजले पाउने सुविधा :**

क) विद्यालयमा उपयुक्त शैक्षिक वातावरण सिर्जना गर्ने ।
ख) आवश्यकीय मात्रामा शिक्षासँग सम्बन्धित निकायसँग सम्पर्क गर्ने ।
ग) शिक्षा मन्त्रालय तथा सम्बन्धित निकायहरुबाट आयोजित विभिन्न अतिरिक्त कृयाकलापहरुमा विद्यार्थीहरुलाई अनिवार्य रुपमा सरिक गराउने र उक्त कामको लागि भौतिक सुविधाको व्यवस्था गर्ने ।
घ) शिक्षक तथा कर्मचारीहरुलाई विद्यालय प्रधानाध्यापकको मातहतमा रही काम गर्न लगाउने ।
ङ) स्थानीय समुदाय तथा अभिभावकसँग शैक्षिक वातावरणका लागि सुमधुर सम्बन्ध कायम राख्ने ।
च) विद्यालयका सम्पूर्ण आयव्ययका हरहिसाब राख्ने तथा निर्णय बमोजिम खर्च गर्ने।
छ) शिक्षक कर्मचारीहरुको नियुक्ति,बढुवा तथा विशेष सुविधाको व्यवस्था गर्ने ।
ज) विद्यालय आम्दानीबाट थप आवश्यकीय भौतिक सामग्री तथा मसलन्दको व्यवस्था गर्ने ।



Scanned with CamScanner

झ) शिक्षक कर्मचारीहरुको पारिश्रमिकको व्यवस्था गर्ने तथा समयमा उपलब्ध गराउने ।

ञ) विद्यालयको आम्दानीको बचत गुठियारहरुको संयुक्त बैठकमा पेश गर्ने र विनियममा उल्लेख भए बमोजिम गुठियारहरुले सुविधा तथा उपभोग गर्न पाउने।

नगर प्रमुख

## परिच्छेद-३

**११. गुठियारहरुको योग्यता : शिक्षा ऐन नियमावली विपरीत नहुने गरी सञ्चालक समितिले विनियम बनाई विनियममा उल्लेख गरे बमोजिम हुने ।**

**१२. गुठी सञ्चालक समितिको गठन : शिक्षा ऐन नियमावली विपरीत नहुने गरी गुठियारहरुबाट चुनिएका पदाधिकारीहरु ।**

**१३. गुठी सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

क) विद्यालयका शैक्षिक गुठीका गुठियारहरु बिच समन्वय कायम गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने ।

ख) विद्यालयमा शिक्षक कर्मचारीहरुलाई आवश्यक प्रकिया पुर्याई नियुक्ति गर्ने ।

ग) विद्यालमा शिक्षक कर्मचारीहरुको सेवाको ग्यारेन्टी, सुरक्षा र संवर्द्धन गर्ने ।

घ) विद्यालयमा चाहिने शैक्षिक तथा भौतिका सामग्रीहरुको व्यवस्था गर्ने ।

ङ) नेपाल सरकारबाट सञ्चालित विभिन्न कार्यकमहरुमा विद्यालयलाई सरिक गराउने ।

च) वार्षिक रुपमा कम्तीमा एकपटक अभिभावकहरुको भेला गराई शैक्षिक तथा आर्थिक गतिविधि सार्वजनिक गर्ने ।

छ) आफ्नो आचरण वा दिइएको जिम्मेवारी वहन नगर्ने शिक्षक तथा कर्मचारीहरुलाई प्रधानाध्यापकको सिफारिसमा विभागीय सजाय तथा सेवाबाट बर्खास्त गर्ने ।

ज) शिक्षा विकास तथा समन्वय इकाइ तथा नगरपालिकाले दिएको निर्देशन अनुसार काम गर्ने ।

झ) नगरपालिकाबाट खटी आएका लेखा परीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउने ।



Scanned with CamScanner

ञ) विद्यालय र अभिभावक बिच सुमधुर सम्बन्ध कायम राख्ने खालका उपयुक्त कार्यकमहरुको योजना बनाई
कार्यान्वयन गर्ने ।

ट) स्तरीय शिक्षा प्रदान गर्नका लागि हरसम्भव पहल गर्ने तथा समय समयमा शिक्षासँग सम्बन्धित तालिम, गोष्ठी, कार्यशाला तथा अन्य अतिरिक्त कृयाकलापहरुको आयोजना तथा सञ्चालन गर्ने ।

ठ) सर्वसुलभ ढंगबाट स्तरीय शिक्षाका लागि सबैलाई मौका प्रदान गर्ने ।

**१४. गुठी संचालक समितिका सदस्यहरुको सेवा शर्त :**

गुठियारहरुद्वारा अनुमोदित विनियममा उल्लेख गरे बमोजिम हुनेछ ।

नगर प्रमुख

**परिच्छेद-४**

**१५. गुठी सञ्चालनका प्रकियाहरु :**

क) विद्यार्थीहरुबाट शुल्क उठाएर ।

ख) संस्थालाई ऋणको रुपमा गुठियारहरुबाट प्राप्त रकम खर्च गरेर ।

ग) नेपाल सरकारको दातृ निकाय संघसंस्था तथा व्यक्तिहरुबाट सहयोग स्वरुप भौतिक तथा आर्थिक मद्दत लिएर ।

**१६. गुठीको बैठक तथा कार्यविधि :**

क) प्रत्येक महिनामा एकपटक गुठी संचालक समितिको बैठक बस्ने ।

ख) विद्यालयमा कम्तीका दुई महिनामा एक चोटि हुने गरी गुठियारहरुको संयुक्त बैठक बस्ने ।

**१७. साधारण सदस्यता वितरण नहुने ।**

**१८. शैक्षिक गुठीमा रहेको घरजग्गा,आम्दानी,ऋण तथा अन्य विविध सम्पत्तिको विवरण :**



Scanned with CamScanner

क)·पठनपाठन गर्ने गराउने भाडामा लिएको १० रोपनी जग्गामा निर्मित भवन संख्या-२, चमेना गृह-१

ख) विद्यालय स्वीकृति गर्दा पटक पटक गरी जम्मा गरेको रकम रु. १,१५,०००।०० (अक्षरेपी रुपैयाँ एक लाख पन्ध्र हजार रुपैयाँ मात्र ।

ग) आम्दानीबाट बचत भएको ।

घ) अन्य सम्पत्ति विवरण :

१. कुर्सी (कुसन) थान १४
२. डेस्क र विद्यार्थी टेबल थान ११२
३. बेन्च थान १००
४. टेबल थान ७
५. दराज थान ३
६. शैक्षिक सामग्रीहरु
७. विज्ञानका सामग्रीहरु
८. विभिन्न पुस्तकहरु
९. खेलकुदका सामानहरु
१०. सांस्कृतिक कार्यक्रमका सामग्रीहरु
११. कप तथा मेडलहरु
१२. विविध सामानहरु

ङ) शौचालयहरु जम्मा ८ (पक्की)

च) भान्साघर जम्मा १

छ) गुठियारहरुले रु. ४,००,०००।०० (अक्षरेपी रुपैयाँ चार लाख रुपैयाँ मात्र विद्यालयलाई ऋण स्वरुप प्रदान गरेकाले विद्यालयलाई उक्त रकम ऋण भार रहेको ।

## १९. आर्थिक स्रोत :

क) नेपाल सरकारबाट प्राप्त हुने रकम

ख) स्थानीय निकायबाट प्राप्त हुने रकम

ग) कुनै संस्था वा व्यक्तिबाट प्राप्त हुने दान दातव्य

घ) विद्यार्थीहरुबाट उठेको शुल्क

नगर प्रमुख

## २०. पूर्वाधारको विवरण :

क) पक्की भवन २

ख) चमेना गृह १



Scanned with CamScanner

ग) पर्याप्त फर्निचर भएको तथा भौतिक सुविधा भएको
घ) पुस्तकालय तथा अन्य विद्यालयलाई चाहिने सरसामान भएको ।

नगर प्रमुख

२१. **कोषको व्यवस्था :** विधानको बुँदा नं. १८ मा उल्लेखित भए बमोजिमको रकम नजिकैको बैंकमा खाता खोली राखिने र नियमानुसार खर्च गरिनेछ ।

२२. **लेखा परीक्षण :** शैक्षिक गुठीकौ वार्षिक लेखा परीक्षण शिक्षा ऐन नियमावलीमा निर्देश भए अनुसार गरिनेछ ।

२३. **विनियम बनाउने :** संचालक समितिले तयार गरी गुठियारहरुको भेलाबाट अनुमोदन गराउने गरी विनियम बनाउन सक्नेछ । यस्तो विनियमको एकप्रति विधान दर्ता गर्ने निकायमा पेश गर्नुपर्नेछ ।

२४. **वार्षिक प्रतिवेदन :** शैक्षिक गुठीको वार्षिक प्रतिवेदन वर्षमा एकपटक गुठियार समक्ष पेश गर्नुपर्नेछ ।

२५. **विधान संशोधन :** शिक्षा ऐन नियमावलीले निर्देश गरे अनुसार विद्यालय संचालक समिति र गुठियारहरुको संयुक्त बैठकमा छलफल गरी समय र परिस्थिति मुताविक विधानलाई संशोधन गर्न सकिनेछ । यस्तो संशोधित विधान दर्ता गर्ने निकायबाट स्वीकृति भएपछि मात्र लागु हुनेछ ।

२६. **विविध :**
क) विद्यालय सम्बन्धी सम्पूर्ण कियाकलाप तथा कारोबार गर्दा सबै गुठियारहरु बिच सरसल्लाह पश्चात् समझदारी भएर मात्र पारदर्शी रुपमा काम गर्ने गराउने ।
ख) दातृ निकायको तर्फबाट गरिएको लगानी तथा अन्य लगानी उल्लेख गरी विनियममा खुलाउने ।

२७. यस विधानमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित शिक्षा ऐन तथा नियमावलीसँग बाझिएको हदसम्म शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार नै हुनेछ ।

२८. **विनियम लागु गरिने :** यस विधान अन्तर्गत सञ्चालक समितिले बनाएको विनियम गुठियारहरुको भेलाले निर्णयार्थ अनुमोदन गराई नगरपालिकाबाट स्वीकृति लिएर मात्र लागु गरिनेछ ।